निर्णय नं. २

आगामी आ.व. २०७७/०७८ का लागि बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्नका देहाय अनुसार मार्गदर्शन तयार गरी वडा कार्यालयहरुमा पठाउने ।

तपशिल

**पूर्वाधार निर्माण तर्फ**

- गत बर्षको अधुरा आयोजनाहरुलाई पूरा गर्ने ।
- वडागत सिलिङ्गवाट छनौट हुने पूर्वाधार विकास आयोजनाका लागि रु.१० लाख वा सो भन्दा बढि रकमका आयोजनाहरु मात्र छनौट गर्ने ।
- कालोपत्र गर्ने सडक आयोजना छनौट गर्दा मुख्य सडक संग जोडिने कालोपत्रे भएको अवस्थामा मात्र सहायक सडक कालोपत्रे गर्ने गरी छनौट गर्ने ।
- कालोपत्रे गर्नु अगाडी अनिवार्य रुपले पक्की नाला निर्माण गरेको हुनु पर्ने ।
- नाला निर्माण गर्दा पानी निकासको उचित प्रबन्ध भए मात्र नाला निर्माण आयोजना छनौट गर्ने
- आयोजना छनौट गर्दा सके सम्म चाडो प्रतिफल प्राप्त हुने र अधिकतम वासिन्दाले सुविधा उपयोग गर्न पाउने गरी गर्ने ।
- अधुरो रहने गरी वा निर्मित संरचनाले कुनै प्रतिफल नदिने वा उपयोगमा आउन नसक्ने आयेजना छनौट नगर्ने ।
- मुख्य शहरी क्षेत्रमा आयोजना छनौट गर्दा पानी निकास, सडक कालोपत्रे, सरसफाई व्यवस्थापन हरियाली प्रवर्द्धन फुटपाथ र रेलिङ्ग निर्माण एवम फलफुल, तरकारी बजार व्यवस्थापन मासु पसल, वध स्थल व्यवस्थापन जस्ता आयोजनाहरुलाई प्राथमिकता दिने ।
- अर्ध शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा सडक स्तरोन्नती  आवश्यक्ता अनुसार कालोपत्रे, ग्राभेल पक्की नाला, नदी नियन्त्रण, सार्वजनिक जग्गा संरक्षण जस्ता आयोजनाहरु छनौट गर्ने ।
- सडक निर्माण र मर्मत सम्भार आयोजना छनौट गर्दा मुख्य सडकहरु संग जोडिने गरी, कृषि उपजलाई हाटबजार स्थल सम्म पुर्याउन उपयोगी हुने गरी वा अधिकतम बासिन्दाले उपयोग गर्ने सडकहरु पूर्व सम्भाव्यता हेरी छनौट गर्न प्राथमिकता दिने ।
- वडामा रहेका वाल विकास केन्द्रको सुधार विद्यालयको भौतिक संरचना र फर्निचर व्यवस्था सम्बन्धी आयोजना छनौट गर्ने र सो प्रयोजनका लागि हालको अवस्था स्थलगत निरीक्षण र अध्ययन गरेर मात्र छनौट गर्ने ।
- मठ, मन्दिर सम्बन्धी आयोजना छनौट गर्दा ऐतिहासिक, धार्मिक एवम सांस्कृतिक मूल्य मान्यता हेरी तत्काल नगरी नहुने कुनै कार्य भए आवश्यकता हेरेर मात्र छनौट गर्ने ।
- आफनो वडा भित्र कुनै ताल पोखरी वा पर्यटकीय क्षेत्र रहेको भए सो को संरक्षण संबर्द्धन गर्न वा नयाँ ताल, पोखरी वा पर्यटन क्षेत्र निर्माण गर्न सकिने भए सो को पूर्व सम्भाव्यता हेरी त्यस्ता आयोजना छनौट गर्न प्राथमिकता दिने ।
- आयोजना संचालन गर्दा स्थानीय सरकार संचालन ऐन, राष्ट्रिय योजना आयोग र मन्त्रालयवाट भएको मार्ग दर्शन र यस नगरपालिकाले तयार गरेको मार्ग निर्देशनको परिधि भित्र रहेर मात्र छनौट गर्ने ।
- आयोजना संचालन गर्दा शहरी क्षेत्रमा ४० प्रतिशत र ग्रामिण क्षेत्रमा २० प्रतिशत न्यूनतम लागत सहभागीता समावेश हुने गरी प्राथमिकता दिनु पर्ने ।

**कार्यक्रम छनौटका आधार ः-**

- सामाजिक बिकास, आर्थिक बिकास, अगानिक खेती, तालिम गोष्ठी लगायतका कार्यक्रम तर्जुमा गर्दा नगरपालिकाले तोकेको प्राथमिकता र मापदण्डका आधारमा एकिकृत हुने गरी तर्जुमा गर्नु पर्ने ।
- आर्थिक सहायता अनुदान वा सामाग्री बितरण सम्वन्धी कार्यक्रमहरु प्राथमिकतामा नराख्ने
- लक्षित वर्ग वा बिपन्न वर्गका लागि कार्यक्रम छनौट गर्दा सम्वन्धित वर्गको जनसंख्या, गरिवीको अवस्था, रोजगारीको स्थिती, उनीहरुको सिप, योग्यता र क्षमताको वास्तविक पहिचान गरी लक्ष्यीत वर्ग स्वयंवाट संञ्चालन हुने, स्वयं रोजगारी पाउने र कार्यसम्पन्न भए पछि हुने लाभ स्वयं सम्वन्धित वर्गले उपयोग गर्न सक्ने अवस्थाको बिचार गरेर मात्र छनौट गर्ने ।
- अर्गानिक खेती, तरकारी, फलफूल उत्पादन, माछा तथा पशुपालन, दुग्ध उत्पादन तथा बिक्री बितरण, फुल वगैचा निर्माण, मौरी पालन व्यवशाय जस्ता व्यवशाय संचालन र प्रबर्द्धनका लागि समुह वा सहकारी प्रणाली मार्फत व्यवशाय संचालन एवं प्रबर्द्धन गर्ने आयोजनाहरु मात्र छनौट गन ।
- तालिम, अनुशिक्षण, प्रशिक्षण सम्वन्धि कार्यक्रम छनौट गर्दा सम्वन्धित वर्गको माग, आवश्यकता, औचित्य र भविष्यमा व्यवशाय संचालन गर्न सक्ने/नसक्ने अवस्थाको बिश्लेषणको आधारमा छनौट गर्ने ।
- गैर सरकारी संस्था मार्फत संचालन गरिने कार्यक्रमहरु छनौट गर्दा सम्वन्धित संघसंस्थाको अनिवार्य लागत साझेदारी हुने गरी छनौट गर्ने ।
- लघु उद्यम, स्वरोजगार तथा आत्म निर्भरतालाई बढावा दिन स्थानीय श्रम, सीप र साधनको प्रयोग हुन सक्ने र बजारको सम्भावना समेतको आंकलन गरेर मात्र छनौट गर्ने
- समाजमा शान्ती, एकता र सदभाव बढाउने खालका एवं महिला हिंशा बिरुद्धका कार्यकम, बालमैत्रि, महिला मैत्रि, अपाङ्गता मैत्रि, वातावरण मैत्रि, जेष्ठ नागरिकको सम्मानका निम्ति सासु, ससुरा, छोरा, छोरी, वुहारी वीच सु-सम्वन्ध निर्माण गर्ने गरी छनौट गर्ने ।
- आगामी बर्ष भित्र बालमैत्रि वडा र बालमैत्रि नगर हुने गरी कार्यक्रम छनौट गर्ने ।
- वडा भित्र, अगानिक तरकारीको जात विशेष जोन तोकी विकास गर्न सकिने सम्भाव्यता हेरी कार्यक्रम छनौट गर्ने ।
- कृषि उत्पादन हुने क्षेत्रहरुमा उत्पादन, उत्पादकत्व वढाउने गरी सामुहिक वा सहकारी प्रणाली प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा भौतिक पूर्वाधार एवम उपकरण, मल, वीउ, तालिमको व्यवस्था गर्न बजेट बिनियोजन गर्ने ।
- जैविक खेती प्रणालीको विकासलाई प्राथमिकता दिने ।

**वडागत बजेट सिलिङ्ग निर्धारणको सुत्र**

| | |
|---|---|
| जनसंख्या | ४५% |
| क्षेत्रफल | ३५% |
| गरिवीको अवस्था | १०% |
| वडागत आम्दानी | १०% |

**वडागत बजेट विनियोजन गर्ने क्षेत्रगत आधार**

| | |
|---|---|
| पूर्वाधार | ६५% |
| आर्थिक विकास | १०% |
| सामाजिक बिकास | १०% |
| वातावरण, विपद व्यवस्थापन | ५% |
| मर्मत सुधार | १०% |